नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

### निशा गुरुङ्ग र काठमाडौं भ्युटावरको निर्माण गर्ने जलेश्वर स्वच्छन्द विकोई विल्डर्स प्रा.लि.का संचालक मनोज कुमार भेटवाल समेत ४ जना उपर हुण्डि गरी विदेशी विनिमय अपचलन गरेको अभियोगमा काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०४।१५ गते मुद्दा दायर।

प्रतिबादी मध्येकी निशा गुरुङ्गले आफ्नो सिंगापुरमा रहेका आफन्त साथि भाई र अन्य ब्यक्तिहरुसंग जलेश्वर स्वच्छन्द विकोई विल्डर्स प्रा.लि.ले निर्माण गरि राखेको काठमाडौं भ्युटावर निर्माणमा लगानी गर्ने समेत भनी रकम संकलन गरी बैंकिंग प्रक्रिया भन्दा बाहिर गई नेपाल राष्ट्र बैंकको कुनै अनुमती नलिई गैर कानुनी रुपमा हुण्डीको माध्यामबाट रकम मगाई ल्याई प्रतिबादी मध्येका राज कुमार विष्ट र निजका भाई शिव विष्टको सहयोगमा काठमाडौं भ्युटावरको निर्माण गर्ने जलेश्वर स्वच्छन्द विकोई विल्डर्स प्रा.लि.का संचालक मनोज कुमार भेटवालसंग समेत मिलेमतो गरी रकम प्रयोग तथा विभिन्न ब्यक्तिहरुलाई वितरण समेत गरेको कुरा पुष्टी हुन आएको ।

रकम बरामद भएको ब्यक्ति राज कुमार विष्ट निशा गुरुङ्गकोमा कार्यरत कर्मचारी भएको र निजको साथबाट बारमद भएको रकम र चेक तथा भौचरहरुको समेत निशा गुरुङ्ग समेत संचालक रहेको अभिताभ मल्टी प्रपोज प्रा.लि. लगायतका फर्मले कुनै पनि कारोवार नगरेको भनी सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा शुन्य विवरण पेश गरेको, तर उक्त फर्महरुको बैक खातामा ब्यबसायिक आम्दानी भनी ठुलो नगद बारम्बार जम्मा गर्ने र निकाल्ने गरेको समेत देखिएको र राजकुमार विष्टसंग बरामद भएको विभिन्न ब्यक्तिहरुको नामको खातामा जम्मा गरेको भौचरमा उल्लेखित रकमको श्रोत र के बापतको रकम हो भनी स्वयं राज कुमार विष्ट र निशा गुरुङ्गले समेत स्पष्ट पार्न समेत नसकेको देखिदा निजहरुले विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा ३, ३ख र ४ को ब्यबस्था तथा दफा १२ बमोजिम जारी विप्रेषण नियमावली, २०६५ को विपरित विना इजाजत सिंगापुरमा विभिन्न ब्यक्तिहरुसंग सापटीको रुपमा रकम लिई सो रकम गैरकानुनी बाटोबाट नेपाल भित्र्याई राज कुमार विष्ट र शिव विष्टको सहयोग र संलग्नतामा मनोज कुमार भेटुवाल मार्फत काठमाडौं भ्युटावरमा लगानी गरेको तथा नेपालमा विभिन्न ब्यक्तिहरुलाई वितरण गरेको देखिएको हुदा बरामद भएको नेपाली रुपैया २६,१५,०००।- तीन थान चेकमा उल्लेखित रकम रु.३४,००,०००।- र सिंगापुरबाट गैरकानुनी तवरले नेपाल भित्र्याएको रकम भुक्तानी गर्न प्रयोग भएको साथै प्रहरी प्रतिबेदन साथ पेश भएको १०४ थान विभिन्न बैकको भौचरहरुमा उल्लेखित रकम रु.४,००,२७,८५०।- समेत जम्मा रु.४,६०,४२,८५०।- (अक्षरुपी चार करोड साठी लाख बयालिस हजार आठसय पचास) विगो कायम गरी प्रतिबादीहरु राज कुमार विष्ट, शिव विष्ट, मनोज भेटुवाल र निशा गुरुङ्गलाई विदेशी विनिमय(नियमित गर्ने) ऐन २०१९ को दफा १७(१) बमोजिम विगोको ३ गुणा सजाय तथा सोही ऐनको दफा १७(९) बमोजिम ३ वर्ष कैद सजाय समेत गरी बरामद दशी समेत जफत हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०४।१५ गते मुद्दा दर्ता गरिएको ।